श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. २६

पुनरावेदन नं. ०७५-RB-००४५

सुनसरी जिल्ला दुहवी नगरपालिका वडा नं.८ मा कारखाना र मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नं.१ मा रजिष्टर्ड कार्यालय भएको स्थायी लेखा नं. ३०२८५२०३९ का अरिहन्त पोलिप्याक्स लिमिटेड ..........................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौ..........................१ } **प्रत्यर्थी**

**मुद्दा : थप भन्सार महशुल निर्धारण ।**

शुरु निर्णय गर्ने कार्यालय : भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौ

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार परिक्षण प्रशासक श्री किशोर जोशी

शुरु निर्णय मिति : २०७५/०२/२८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री दीपक घिमिरे र लक्ष्मी सापकोटा

प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

यसमा भन्सार जाँचपास परिक्षण कार्यालय तिनकुने काठमाडौबाट मिति २०७५।२।२८ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भइ दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः-

मुद्दाको तथ्य

१. श्री **Arihant Poly Pack Limited** ले विराटनगर भन्सार कार्यालयबाट मिति(सन) २०१४/५/२ देखी २०१५/१०/१७ सम्ममा विभिन्न प्रज्ञापनपत्रहरुबाट पैठारी गरेका मालबस्तुहरुको भन्सार जाँचपास पछीको परिक्षण गर्न छनौट भएकोले उक्त पैठारी संग सम्बन्धित कागजातहरु पेश गर्न भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौबाट मिति २०७३/१/२७ मा भएको पत्राचार।

२. उक्त प्रज्ञापनपत्रहरुबाट पैठारी भएका मालबस्तुहरुको पैठारीकर्ताबाट प्रज्ञापनपत्र साथ पेश भएका कागजातहरु र प्रमाणहरु तथा पेश भएको प्रतिवेदन समेतको अध्ययन छानविन गर्दा प्रस्तुत पैठारीकर्ताले बर्गिकरण सही घोषणा गरे पनि अन्तःशुल्क दाखिला नगरेको तथा घटी महशुल दाखिला गरेको देखिएकोले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ३ बमोजिम थप महशुल निर्धारण गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिन भित्र पेश गर्न भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ३ (ग) बमोजिम पैठारी कर्ताका नाममा भन्सार जाँचपास परिक्षण कार्यालय बाट मिति २०७५/२/२ को पत्र मिति २०७५/२/४ मा हुलाक रजिष्ट्री गरी लिखित सुचना जारी भएकोमा लिखित जवाफ पेश गरेको पाइएन ।

३. पैठारीकर्ताले लिखित जवाफ पेश गरेको नपाईएको हुँदा मिति २०७५/२/२ मा जारी भएको सुचनामा उल्लेख भए बमोजिम कायम गरिएको थप भन्सार महशुल निर्धारण मनासिव नै देखियो तसर्थ पैठारी कर्ताले दाखिला गर्नुपर्ने भन्सार महशुल रु.१३,८६,३६५/- तथा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ३ बमोजिम सो को शत प्रतिशत जरिवाना समेत जम्मा रु.२७,७२,७३०/-, भन्सार महशुल र अन्तःशुल्क समेतको हुने मूल्य अभिवृद्धिकर रु.६,२५,४१३/- तथा सोही ऐनको दफा ३४ को उपदफा (३) बमोजिम शत प्रतिशत जरिवाना समेत जम्मा रु.१२,५०,८२६/- र अन्तशुल्क रु.३४,२४,५०५/- तथा सोही ऐनको दफा ३४ को उपदफा(३) बमोजिम सो को शत प्रतिशत जरिवाना समेत जम्मा रु.६८,४९,०१०/- समेत कुल जम्मा रु.१,०८,७२,५६६/- (एक करोड आठ लाख बहत्तर हजार पाँच सय छैसठ्ठी रुपैया मात्र) को भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम महशुल निर्धारण गर्ने भन्सार जाँच पास परिक्षण कार्यालय तिनकुने काठमाडौको मिति २०७५/२/२८ को निर्णय ।

४. प्रत्यर्थी कार्यालयबाट **HS Code,** मालको मूल्य, कारोबार मूल्य र परिमाण अन्यथा नभएको भनी स्विकार गरेको अवस्था छ । पुनरावेदकले पैठारी गरेका २ वटा मालहरु **PP Homo Raffia 1030 Rg Polypropylene Granualses** र **Calcium Carbonate Filler master Batch** मध्ये **Calcium Carbonate Filler master Batch** को सम्बन्धमा महालेखा परिक्षकको कार्यालयबाट विराटनगर भन्सार कार्यालय मार्फत कार्यवाही उठाई हामीलाई सोधनी हुँदा उक्त माल औधोगिक कच्चा पदार्थ भएको र कच्चा पदार्थबाट माल तयारी गरी निकासी गर्ने उद्धेश्यले बैंक ग्यारेन्टीमा पैठारी गरेको र माल तयार गरी निकासी गरी बैंक ग्यारेन्टी समेत फुकुवा भै सकेकोले सो तथ्य र प्रमाण सहित मिति २०७५/१/२३ मा जवाफ दिएकोमा महालेखा परिक्षक कार्यालयबाट संपरिक्षण गरी उल्लेखित वस्तु **Calcium Carbonate Filler Mater Batch** को अन्तःशुल्कको विवादित विषय अन्त्य भईसकेको हो । त्यस्तै **PP Homo Raffia 1030 RG Polypropylene**

**Granualses** पुनरावेदक उद्योगको मुख्य कच्चा पदार्थ हो । **Calcium Carbonate** लगायत अन्य बस्तु मिश्रण गरी **P.P.Woven Fabric** बन्दछ । जसबाट प्याकिङमा प्रयोग हुने बोरा त्रिपाल र यस्तै अन्य बस्तु उत्पादन हुन्छ ।उद्योगको उत्पादनका मुख्य कच्चा पदार्थ बैंकमा प्रतितपत्र (**L/C**) खोली भारतबाट विभिन्न मितिमा ८ पटक पैठारी भएको हो । उक्त माल **L/C** मार्फत र **SAFTA** को सदस्य राष्ट्र भारतबाट पैठारी भएकोले सन्धी ऐन,२०४७ को दफा ९(१) तथा आर्थिक ऐन २०७१ को दफा २(१) तथा अनुसूची १ को देहाय ६ मा साफ्टा सम्झौता बमोजिम **SAARC** मुलुकमा उत्पादित बस्तु साफ्टा उत्पतिको प्रमाणपत्र सहित ६% भन्सार महशूलमा पैठारी गर्न पाउने व्यवस्था बमोजिम ६% भन्सार महशूल १३% मूल्य अभिवृद्धि कर तिरी पैठारी गरेको हो । प्रत्यर्थी कार्यालयको निर्णय भन्सार ऐन २०६४ को दफा ३४(२), आर्थिक ऐन २०७१ को अनुसूची १ को देहाय दफा ६ तथा महालेखा परिक्षक कार्यालयको निर्णय प्रतिकुल हुनुका साथै **SAFTA** सुविधाबाट बन्चित गर्ने गरी भएको हुँदा उक्त निर्णय बदर गरी भन्सार महशूल, अन्तशुल्क, मूल्य अभिवृद्धि कर र जरिवाना समेत पुनरावेदकले तिर्नु नपर्ने गरी निर्णय गरी पाउँ भन्ने समेत पुनरावेदनपत्र ।

५. यसमा मुलुकी मुलुकी फौज्दारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५/०७/१४ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

६. नियम बमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्धय श्री लक्ष्मी सापकोटा र दिपक घिमिरेले भन्सार जाँचपास परिक्षण कार्यालयले अन्तःशुल्क दाखिला नगरेको तथा घटी भन्सार महशुल दाखिला गरेको भनी पुनरावेदकलाई सवुद प्रमाण पेश गर्न पत्राचार गरेकोमा पुनरावेदकले म्याद भित्रै जवाफ पेश गरेकोमा जवाफ पेश गर्नु भन्दा अगावै निर्णय गरेको, महालेखा परिक्षक कार्यालयबाट बेरुजु औंल्याएकोमा प्रमाण पेश गरी संपरिक्षण भइ फच्छ्यौंट भइ सकेको र बैंक ग्यारेन्टी सुविधामा आयात भएको कच्चा पदार्थको विषयमा बैंक ग्यारेन्टी फुकुवा भइ सकेपछी थप भन्सार महसुल निर्धारण हुनु पर्ने होइन । साफ्टा सुविधा अन्तर्गत आर्थिक ऐन २०७१ को अनुसूची १ को दफा ६ बमोजिम पाउने छुटमा आयात गरेको कच्चा पदार्थ भएको हुँदा थप भन्सार महसुल, अन्तःशुल्क, मुल्य अभिवृद्धीकर र जरिवाना समेत लगाएको भन्सार जाँचपास परिक्षण कार्यालयको निर्णय नमिलेको हुँदा बदर गरी पाउँ भनी र प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका शाखा अधिकृत श्री टेकनाथ अधिकारीले प्रत्यर्थी कार्यालयबाट प्रकाशित भएको सुचनाको म्याद भित्र पुनरावेदकले जवाफ पेश नगरेको, साफ्टा सुविधा उपभोग गर्न शर्त बन्देज भएको र पुनरावेदकले उक्त शर्त पालना गरी सुविधा उपभोग गरेको प्रमाणित गर्न नसकेको तर सुविधा दावी गरी कम महशुल दाखिला गरेको एवं आयातित मालवस्तुको लाग्ने अन्तःशुल्क समेत दाखिला नगरेको हुँदा सम्पुर्ण प्रमाण परिक्षण गरी प्रत्यर्थी कार्यालयबाट भन्सार महशुल, मुल्य अभिवृद्धीकर, अन्तःशुल्क र सो मा शत प्रतिशत जरिवाना समेत माग गर्ने गरेको

निर्णय  भन्सार ऐन, २०६४ बमोजिम नै भएकोले सदर कायम हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

७. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु भन्सार जाँचपास परिक्षण कार्यालयबाट मिति २०७५।०२।२८ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

८. निर्णय तर्फ विचार गर्दा सर्वप्रथम थप भन्सार महशुल लगाएको सम्बन्धमा शुरु कार्यालयको निर्णय हेर्दा पुनरावेदक अरिहन्त  पोलिप्याक्स लिमिटेडले प्रज्ञापनपत्र नं.१००७९, १००८० लगायत ८ वटा प्रज्ञापनपत्रबाट आयात गरेका **PP Homo Raffia 1030 RG Polypropylene Granualses** भनिएका मालबस्तुको बर्गिकरण फरक पारेको र घटी कारोबार मूल्य देखाएको भन्ने  नभई १० प्रतिशत भन्सार महशुल लाग्नेमा ६ प्रतिशत मात्र भन्सार महशुल तिरी आयात गरी घटी भन्सार महशुल दाखिला गरेको भन्ने देखियो । पुनरावेदकले उक्त मालबस्तु आर्थिक ऐन,२०७१ को अनुसूची १ को दफा ६ अन्तर्गत साफ्टा सुविधामा ६% भन्सार महशुल तिरी आयात गरेको भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ । पुनरावेदकले जिकिर लिए जस्तै साफ्टा सुविधामा आयात गरेको मालबस्तुमा छुट सुविधा उपभोग गर्नको लागी निश्चित प्रकृया र मापदण्ड पुरा गर्नु पर्ने शर्त बन्देज आर्थिक ऐन २०७१ ले व्यवस्था गरेको पाइन्छ । उक्त व्यवस्था अनुसार सार्क मुलुकमा उत्पादित मालवस्तुहरु सोही मुलुकमा प्रतितपत्र खोली सोही मुलुकबाटै बिल/बिजक बनि सोही मुलुकबाटै साफ्टा सम्झौता बमोजिम साफ्टा उत्पतिको प्रमाणपत्र सहित पैठारी भएमा भन्सार महशुलमा छुट पाउने हो । पुनरावेदकले साफ्टा प्रमाणपत्र लगायतका प्रमाण कागज परिक्षणको समयमा पेश गर्न नसकेको हुँदा निजले जिकिर लिए जस्तै साफ्टा सुविधा उपभोग गर्न मिल्ने देखिन आएन । यसर्थ उक्त ८ वटा प्रज्ञापनपत्रहरुबाट आयातित मालवस्तुको घटी भएको भन्सार महशुल रु.१३,८६,३६५/- र सो मा लाग्ने मुल्य अभिवृद्धिकर सम्म माग गर्ने गरी भएको भन्सार जाँच पास परिक्षण कार्यालयको मिति २०७५/२/२८ को निर्णयलाई अन्यथा मान्नु पर्ने देखिएन । जरिवाना लगाएको तर्फ विचार गर्दा भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा २ र ३ को व्यवस्था हेर्दा निकासी वा पैठारी कर्ताले मालवस्तुको निकासी वा पैठारी गर्दा घटी कारोबार मूल्य घोषणा गरेको कारण कम महशुल असुल भएमा र मालवस्तुको वर्गिकरणको उपशिर्षक फरक पारेको कारण कम महशुल असुल भएको अवस्थामा मात्र असुल हुनु पर्ने महशुल रकमको शत प्रतिशत जरिवाना हुन सक्ने कानुनी व्यवस्था छ । प्रस्तुत मुद्दामा प्रत्यर्थी भन्सार जाँचपास परिक्षण कार्यालयले असुल हुन बाँकी भन्सार महशुल र सो को लाग्ने मुल्य अभिवृद्धीकरमा शत प्रतिशत जरिवाना समेत माग गर्ने गरी निर्णय गरेको देखिन्छ । जरिवाना लगाउने सम्बन्धमा भन्सार ऐनको उपरोक्त कानुनी व्यवस्था बमोजिमको (घटी कारोबार मूल्य घोषणा गरेको एवं वर्गिकरण फरक पार्ने) कार्य पुनरावेदकले गरेको अवस्था विद्यमान नदेखिँदा घटी असुल भएको भन्सार महशुलको शत प्रतिशत जरिवाना र सो भन्सार

महशुलको लाग्ने मुल्य अभिवृद्धी करको शत प्रतिशत जरिवाना लगाउने गरी भएको निर्णय सो हदसम्म मिलेको देखिएन ।

९. अब अन्तःशुल्क माग गरेको सम्बन्धमा हेर्दा प्रज्ञापनपत्र नं.३३१७०,३३२६१ लगायत ४३ वटा प्रज्ञापनपत्रहरुबाट आयात गरेको **Calcium Carbonate** अर्थात **Filler Master Batch** भन्ने मालवस्तुको ५% अन्तशुल्क, सो को मुल्य अभिवृद्धिकर र सो मा शत प्रतिशत जरिवाना माग गर्ने गरि भन्सार जाँचपास परिक्षण कार्यालयबाट निर्णय भएको देखिन्छ । अन्तःशुल्क ऐन, २०५८ को दफा ३ (ख) १ को प्रतिबन्धात्मक खण्डको २ मा वण्डेड वयर हाउसबाट विक्री गरिने अन्तःशुल्क लाग्ने वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बराबरको नगद वा बैंक प्रत्याभूती राख्नु पर्नेछ भन्ने व्यवस्था भएको सोही सम्बन्धमा आन्तरिक राजस्व विभागबाट मिति २०७३/३/८ मा निकासीमुलक उद्योगले आयात गर्ने कच्चा पदार्थमा लाग्ने अन्तःशुल्क रकम बैंक प्रत्याभूति/जमानत राखी पैठारी गर्न मिल्ने भनी परिपत्र भएको देखिन्छ । यि पुनरावेदक अरिहन्त पोलिप्याक्स लिमिटेडले प्रज्ञापनपत्र नं.३३१७० लगायत ४३ वटा प्रज्ञापनपत्रहरुबाट आयात गरेका **Calcium Carbonate** अर्थात **Filler Master Batch** भन्ने मालवस्तुहरु बैंक ग्यारेन्टी सुविधामा आयात भएको देखियो । पुनरावेदकले उक्त बैंक ग्यारेन्टी सुविधामा आयात गरेको कच्चा पदार्थबाट तयारी बस्तु बनाइ निकासी गरी भन्सार कार्यालयको नियम बमोजिम समयमै बैक ग्यारेन्टी फुकुवा भैसकेकोले अन्तःशुल्क र मुल्य अभिवृद्धीकर असुल गर्न नपर्ने भनी जवाफ पेश गरेको देखिएको साथै महालेखा परिक्षक कार्यालयको मिति २०७५/३/३२ च.नं.२२८ को पत्रबाट समेत यि पुनरावेदक अरिहन्त पोलिप्याक्स लि.को बैक ग्यारेन्टी फुकुवा भएको प्रमाणको आधारमा बेरुजु फछ्र्यौट भएको भनी विराटनगर भन्सार कार्यालयलाई जानकारी समेत दिएको देखियो । निकासी मुलक उद्योगले आयात गर्ने कच्चा पदार्थमा लाग्ने अन्तःशुल्क रकम बैंक जमानत/ग्यारेन्टी राख्न सक्ने कानुनी व्यवस्था भएको र पुनरावेदक कम्पनीले आयात गरेको कच्चा पदार्थको तयारी बस्तु निकासी गरेको आधारमा बैंक ग्यारेन्टी फुकुवा भएको समेत देखिँदा पुनरावेदकले प्रज्ञापनपत्र नं.३३१७० लगायत ४३ वटा प्रज्ञापनपत्रहरुबाट आयात गरेको **Calcium Carbonate** अर्थात **Filler Master Batch** भन्ने मालवस्तुको ५% का दरले हुने अन्तःशुल्क वापतको रकम, सो रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर र सो को शत प्रतिशत जरिवाना माग गर्ने गरी भएको भन्सार जाँचपास परिक्षण कार्यालयको निर्णय मिलेको देखिएन ।

१०. अतः यसमा भन्सार जाँचपास परिक्षण कार्यालयको मिति २०७५/२/८ को निर्णयमा प्रज्ञापनपत्र नं.१००७९,१००८० समेत ८ वटा प्रज्ञापनपत्रबाट पैठारी भएका मालबस्तुमा असुल हुन छुट भएको भन्सार महशूल र मुल्य अभिवृद्धिकरमा शत प्रतिशत जरिवाना लगाएको र प्रज्ञापनपत्र नं.३३१७०,३३२६१ समेतका ४३ वटा प्रज्ञापनपत्रहरुबाट बैंक ग्यारेन्टी सुविधामा पैठारी भएका मालबस्तुमा ५% का दरले जम्मा रु.३४,२४,५०५/- र सो रकममा शत प्रतिशत जरिवाना निर्धारण गरेको मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ ।अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । तपशिल बमोजिम गर्नू ।

## तपशिल

शुरु भन्सार जाँचपास परिक्षण कार्यालय काठमाण्डौको मिति २०७५/२/२८ को निर्णयमा असुल हुन छुट भएको भन्सार महशुल र मुल्य अभिवृद्धी करमा शत प्रतिशत जरिवाना लगाएको एवं अन्तःशुल्क सो को हुने मुल्य अभिवृद्धिकर र सो मा शत प्रतिशत जरिवाना लगाएको हदसम्मको निर्णय नमिली केही उल्टी हुने ठहरेकोले पुनरावेदकले मिति २०७५/५/१२ मा दाखिला गरेको रकम रु.१,०८,७२,५६६/-बाट छुट भन्सार महशुल र सो को हुने मुल्य अभिवृद्धीकर वापतको रकम बाहेकको रकम कानुन बमोजिम माग गरेमा फिर्ता दिनु भनि भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौमा लेखी पठाइदिनू-----------------------------१

प्रस्तुत मुद्दा फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू----२

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तु लिइ नक्कल दिनू--------------------३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू-------------------------------------------------४

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-

विश्वराज कुइकेल(शाखा अधिकृत)

इति सम्वत् २०७६ साल भाद्र महिना १२ गते रोज ५ शुभम् ..........................